# प्रभाव दैनिक
National Daily

वर्ष ९ अंक १३ काठमाडौं शुक्रबार, २३ वैशाख २०७९ Prabhab National Daily, Friday, May 6, 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## मतदानको ४८ घण्टाअघि अन्तर्राष्ट्रिय सीमा बन्द

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि अन्तर्राष्ट्रिय सीमा बन्द गर्न सरकारलाई आग्रह गरेको छ । निर्वाचनको व्यवस्थापकीय कार्यलाई थप स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन मतदानको दिनको ४८ घण्टा अगाडिदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि सबै अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न आयोगले सरकारलाई पत्र पठाएको हो ।

आयोगको बिहीबारको बैठकले वैशाख २७ गते मंगलबार राति १२ बजेदेखि अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न र मतदान हुने दिन आन्तरिकरूपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्न नेपाल सरकार गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

यसैगरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि वैशाख २७ गते राति १२ बजेदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि तोकिएको क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन सख्त निषेध गर्न गृह मन्त्रालयलाई लेखी पठाउने पनि आयोगले निर्णय गरेको छ ।

## आइजिपी बढुवा विवादमा सर्वोच्चले दिएन अन्तरिम आदेश

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले प्रहरी महानिरीक्षक (आइजिपी) बढुवाविरुद्धको रिट निवेदनको प्रारम्भिक सुनुवाइमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ ।

न्यायाधीश सुस्मालता माथेमाको एकल इजलासले बिहीबार उक्त विवादमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो । अदालतले उक्त विवादको अन्तिम सुनुवाइ आगामी जेठ १७ गते हुने जानकारी दिएको छ । आदेशमा तोकिएको दिनमा नै अन्तिम सुनुवाइ गरिने र सो मिति सार्न नपाइने उल्लेख छ । उक्त अवधिभित्र दुवै पक्षले लिखित जवाफ पेस गर्न आदेशमा भनिएको छ ।

'निर्णय कार्यान्वयन भई मिति २०७९/१/१९ गते दर्ज्यानी चिह्नसमेत प्रदान गरिसकेको भन्ने सम्मिलित हुन आउनुभएका विद्वान महान्यायाधिवक्तालगायतका कानुन व्यवसायीका बहसबाट समेत जानकारी हुन आएको छ,' आदेशमा भनिएको छ, 'निवेदकले उठाउनुभएको कानुनी प्रश्नका सम्बन्धमा पूर्ण सुनुवाइका समयमा विवेचना भई न्यायिक निरूपण हुने नै हुँदा हाल निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन ।'

बुधबारदेखि उक्त विवादको सुनुवाइ प्रारम्भ भएको थियो । सरकारी पक्षले पनि बहस गरेको हुँदा समय अभावका कारण सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा बिहीबारका लागि राखिएको थियो । प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहलाई नियुक्त गर्ने मन्त्रिपरिषद्को निर्णयविरुद्ध प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले यही वैशाख १९ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

# गठबन्धनको रोचक दृश्य

## देउवाले हँसिया-हथौडामा, बाबुरामले रूखमा भोट मागे



■ प्रभाव संवाददाता

**काठमाडौं–** अघिल्लोपटक (२०७४ सालमा) मुलुकमा स्थानीय निर्वाचन हुँदै गर्दा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको सरकार थियो । संयोगले यसपटक पनि सरकारमा कांग्रेस-माओवादी नै छन् । यसपटक सरकारमा थपिएका छन्- नेकपा एमालेबाट विभाजित भएर बनेको दल नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी । त्यतिबेला सरकारको नेतृत्वको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गरेका थिए भने अहिले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गरिरहेका छन् ।

तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले अघिल्लो वर्ष जेठमा दोस्रोपटक प्रतिनिधिसभा विघटन गरेपछि यो गठबन्धन बनेको थियो । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको निर्णय बदर मात्र गरेन, गठबन्धनकै मागबमोजिम देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश नै जारी गऱ्यो ।

सत्ता सहकार्य गरिरहेका गठबन्धनमा आबद्ध दलहरूले गत फागुनमा भएको राष्ट्रियसभा निर्वाचनमा पनि तालमेल गरेका थिए । त्यतिबेला

> रेनुलाई जिताउनु हाम्रो कर्तव्य हो । यति राम्रो काम गर्ने मेयर नजिताए चितवनका जनताले के भन्लान् ?
>
> **-शेरबहादुर देउवा**

> सिर्जना गणेशमान, मंगलादेवी सिंहको बुहारी र प्रकाशमान सिंहको श्रीमतीमात्र नभएर आफैंमा नेता हुनुहुन्छ, उहाँ मेयरको स्वाभाविक हकदार हुनुहुन्छ ।
>
> **- डा. बाबुराम भट्टराई**

एउटाबाहेक बाँकी सबै सिटमा गठबन्धनका उम्मेदवार विजयी भएका थिए । त्यसपछि सत्ता गठबन्धनका दलहरू तालमेलमा झन् हौसिए । र, यही ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनमा तालमेल गर्ने सहमति गरे । सोही सहमतिअनुसार विभिन्न स्थानीय तहमा भागबण्डा गरी गठबन्धनले उम्मेदवारी दिएको छ । स्थानीयस्तरमा गठबन्धनलाई लिएर असन्तुष्टि देखिए पनि केन्द्रीय नेताहरू जसरी पनि गठबन्धनलाई सफल बनाउने अभियानमा लागिपरेका छन् ।

यही क्रममा बिहीबार चितवनको भरतपुरमा सत्ता गठबन्धनले चुनावी सभा सम्पन्न गरेको छ । सभामा प्रधानमन्त्री तथा कांग्रेस सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायत शीर्ष नेताहरूले सम्बोधन गरे । त्यस क्रममा उनीहरूले वर्तमान गठबन्धन १०/१५ वर्षसम्म जाने दाबी गरे ।

उसो त अघिल्लोपटक पनि चुनावी तालमेल गर्दा कांग्रेस-माओवादीका नेताहरूले यस्तै भनेका थिए । तर, त्यो गठबन्धन मुस्किलले छ/सात महिनामात्र कायम रह्यो । यो पाँच वर्षको अवधिमा नारायणीमा धेरै पानी बगिसक्यो । अनेक राजनीतिक उथलपुथल हुँदै फेरि कांग्रेस-माओवादी एक ठाउँमा आइपुगेका छन् ।

स्थानीय चुनावका लागि केन्द्रीयस्तरबाट भएको गठबन्धनको निर्णय सम्बन्धमा जिल्ला-जिल्लामा असन्तुष्टि देखिएका छन् । नेताहरूले बागी उम्मेदवारी दिएका छन् । तर पनि नेताहरू भनिरहेका छन्- गठबन्धन वर्षौंसम्म अघि बढ्छ । तर, आम कार्यकर्ताले भने गठबन्धन नरुचाएका मात्र होइनन्, आउँदो प्रदेश र प्रतिनिधिसभाको निर्वाचनसम्म पनि यो गठबन्धन रहन्छ/रहँदैन भन्नेमा संशय व्यक्त गरिरहेका छन् । जसलाई उनीहरू (**बाँकी पृष्ठ ५ मा**)

### देउवाले देखे विकासै विकास

सत्ता गठबन्धनको चुनावी सभालाई सम्बोधन गर्न पुगेका नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले भरतपुरमा विकासै विकास देखेका छन् । उनले रेनु दाहाललाई जिताउनु कांग्रेसको कर्तव्य रहेकोसमेत बताए । भरतपुर महानगरको मेयरका रूपमा रेनुले गरेका कामहरू प्रशंसानीय रहेको भन्दै देउवाले उनले हारे चितवनका जनता रिसाउने बताए ।

'रेनुलाई जिताउनु हाम्रो कर्तव्य हो । यति राम्रो काम गर्ने मेयर नजिताए चितवनका जनताले के भन्लान् ? गठबन्धन टुटाउने षड्यन्त्रमा हामी लाग्नुहुँदैन । गठबन्धन टुट्यो भने कांग्रेस पनि खत्तम हुन्छ,' देउवाले भने ।

गठबन्धनकै कारण आफू प्रधानमन्त्री भएको भन्दै उनले गठबन्धनलाई अप्ठ्यारो पर्ने काम कांग्रेसले गर्न नहुने बताए । रेनु एक्लै जित्न सक्ने उम्मेदवार भएकोसमेत देउवाले दाबी गरे । भरतपुर महानगरपालिकामा विकासकै कारण जग्गाको भाउ बढेको उनको भनाइ थियो । 'गल्ली गल्लीमा पिच भएको छ । यहाँको जग्गाको भाउ बढेको छ । काठमाडौंमा भन्दा जग्गाको मूल्य बढिसक्यो । यो रेनु दाहालले बनाउनुभएको हो,' देउवाले थपे, ' उहाँले अन्तर्राष्ट्रिय क्रिकेट मैदान बनाउँदै हुनुहुन्छ, अन्तर्राष्ट्रिय सभा हल बनाउँदै हुनुहुन्छ । त्यसपछि अन्तर्राष्ट्रिय विमानस्थल पनि बन्छ । यो चानचुने कुरा होइन ।' राजनीतिक लिगेसीका रूपमा नेताहरूले आफ्नो पार्टीका लागि मत माग्नुपर्ने हो । आफ्नो चुनाव चिह्नमा मत माग्नुपर्ने हो । तर, गठबन्धनका कारण दलहरू अन्य पार्टीको चुनाव चिह्नमा आफ्ना कार्यकर्ताको मत अपिल गरिरहेका छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीको नाममा ठगीधन्दा

# माल्टा पठाउने भन्दै १२२ जनासँग एक करोड ६४ लाख ठगी

■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्टरनेसनल एक्स्पो एण्ड ट्राभल सर्भिस प्रालिले कानुनविपरीत वैदेशिक रोजगारीमा पठाउने धन्दा चलाउँदै आएको पाइएको छ । पर्यटन व्यवसाय सञ्चालन गर्न अनुमति पाएको उक्त कम्पनीले वैदेशिक रोजगारीका लागि माल्टा पठाउने नाममा विभिन्न व्यक्तिहरूबाट डेढ करोड रूपैयाँभन्दा बढी रकम लिएर ठगी गरेको पाइएको हो ।

वैदेशिक रोजगार विभागले गरेको अनुसन्धानबाट उक्त कम्पनीका सञ्चालक राधा सुवेदीसहितका व्यक्तिहरूले युरोपेली मुलुक माल्टामा रोजगारीका लागि पठाउने भन्दै १२२ जनाबाट एक करोड ६४ लाख आठ हजार रूपैयाँ ठगी गरेको पुष्टि भएको छ । विभागले ठगीमा संलग्न अभियुक्तहरूविरुद्ध वैदेशिक रोजगार न्यायाधिकरणमा बिहीबार मुद्दा दर्ता गरेको छ । उक्त कम्पनीले वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजत नलिई वैदेशिक रोजगार ऐन-२०६४ को दफा ४३ विपरीतको कसूर गरेको अभियोगसहित विभागले न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

विभागका सूचना अधिकारी कृष्णप्रसाद भुसालले इन्टरनेसनल एक्स्पो एण्ड ट्राभल सर्भिस प्रालिका सञ्चालक सुवेदीसहित आठजनालाई मुख्य अभियुक्त बनाएर मुद्दा दायर गरिएको जानकारी दिए । उनीहरूले




प्रतिव्यक्ति दुई लाख ३५ हजार रूपैयाँसम्म लिई १२२ जनासँग ठगी गरेको विभागको आरोप छ । विभागले उनीहरूबाट ठगी गरेको रकम एक करोड ६४ लाख आठ हजार रूपैयाँ र त्यसमा ८२ लाख चार रूपैयाँ हर्जनासहित दुई करोड ४६ लाख १२ हजार रूपैयाँ असुल तथा कानुनबमोजिम कारबाही गर्नुपर्ने मागदाबीसहित मुद्दा दायर गरेको जनाएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारसम्बन्धी ठगीका मुद्दाको अन्तिम किनारा लगाउने अधिकार वैदेशिक रोजगार न्यायाधिकरणलाई दिएको छ । सोही अनुसार विभागले अनुसन्धान गरी किनारा लगाउन न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

**क्यानडा पठाउने नाममा ४१ लाख ठगी**

यसैगरी, वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा अर्का दुईजनाविरुद्ध पनि विभागले न्यायाधिकरणमा मुद्दा दर्ता गरेको छ । बिहीबार दायर गरिएको उक्त मुद्दामा कास्कीकी सदीक्षा गुरुङ र उनकी आमा खिनसोभा गुरुङले एक व्यक्तिबाट ४१ लाख ५० हजार रूपैयाँ ठगी गरेको उल्लेख छ ।

विभागका अनुसार विभागमा परेको जाहेरीमाथि अनुसन्धान गर्नेक्रममा अभियुक्त सदीक्षा गत चैत २४ गते पक्राउ परिसकेकी छन् । सदीक्षा र खिनसोभाले पोखराका कुमार गुरुङलाई क्यानडा पठाइदिने नाममा ४१ लाख ४२ हजार ५०० रूपैयाँ रकम लिएर ठगी गरेको विभागको अनुसन्धानले ठहर गरेको छ ।

विभागले ठगीको रकममा २० लाख ९१ हजार २५० रूपैयाँ हर्जनासहित ६२ लाख ७३ हजार ७५० रूपैयाँ असुल तथा कानुनबमोजिम कारबाही गर्नुपर्ने मागदाबीसहित वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको जानकारी दिएको छ ।



# निर्वाचनमा खटिन नमान्ने कर्मचारीलाई कारबाही हुने

■ प्रकाश सिलवाल

**काठमाडौं–** निर्वाचन आयोगले यही ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि कर्मचारीले खटिन इन्कार गरेमा प्रचलित कानुनबमोजिम कारबाही गर्न निर्देशन दिएको छ। निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ मा आयोगले स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनको कामका लागि कुनै पनि सरकारी वा संस्थानका कर्मचारीलाई सहयोग लिनसक्ने व्यवस्था रहेको छ भने दफा ४३ मा खटाइएको ठाउँमा जान इन्कार गरेमा जिम्मेवारीबाट हटाउन वा निलम्बनसम्मको सिफारिस गर्ने व्यवस्था छ। सोही ऐनको दफा ४४ मा विभागीय कारबाही गर्न सकिने जनाइएको छ।

स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र मतगणना कर्मचारीलाई अति जरुरी, मानवीय र संवेदनशील कारण परेका अवस्थामाबाहेक खटाइएका कर्मचारीलाई फेरबदल नगर्न र उपयुक्त कारण परेका अवस्थाबाहेक कुनै पनि कर्मचारीले निर्वाचनको काममा खटिन इन्कार गरेमा प्रचलित कानुनबमोजिम कडा कारबाही गर्न सबै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिएको हो। प्रचलित कानुनमा त्यसरी खटाउँदा पर्याप्त कारणविना नखटिने कर्मचारीलाई विभागीय र अन्य आवश्यक कारबाही गर्न सकिनेछ।

साथै, मतदान कार्यका लागि खटिएका सम्पूर्ण कर्मचारीलाई अनिवार्यरूपमा आफू खटिएका ठाउँमा अविलम्ब जान र आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्न आयोगले आदेश गरेको छ।

**वैशाख २३ गतेभित्र ढुवानी सकिने**

निर्वाचनका लागि आवश्यक पर्ने सम्पूर्ण मतपत्रको छपाइ सम्पन्न भएको आयोगले जनाएको छ। आयोगले वैशाख २३ गतेसम्म सबै जिल्लामा मतपत्र ढुवानी सम्पन्न हुने जानकारी दिएको छ। ढुवानी हुन मधेस प्रदेशका सात जिल्ला बाँकी छन्। हालसम्म थप मतपत्रसहित दुई करोड सात लाख ४६ हजार मतपत्र छपाइ भएको आयोगका मुद्रण अधिकृत बाबुराम कोइरालाले जानकारी दिए।

**३७ व्यक्तिलाई आचारसंहितासम्बन्धी स्पष्टीकरण**

आयोगले हालसम्म निर्वाचन आचारसंहिता, २०७८ विपरीतको कार्य गर्ने ३७ राजनीतिक दल र व्यक्तिलाई २४ घण्टे स्पष्टीकरण सोधेको छ। सो क्रममा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई आयोगले लिखित जवाफ पेस गर्न भनेको छ।

कैलाली कैलारी गाउँपालिका-७ विपतपुरका अग्निपीडित मुक्तकमैया बस्तीको स्थलगत निरीक्षणका क्रममा पीडित परिवारलाई तत्कालका लागि प्रतिपरिवार ५० हजार रूपैयाँका दरले राहत दिने प्रक्रिया अगाडि बढेको भनी मुख्यमन्त्री भट्टले अभिव्यक्ति दिएको जानकारी आयोगमा प्राप्त भएकाले निर्वाचन आचारसंहिता, २०७८ को व्यवस्थाअनुसार उनलाई आयोगले २४ घण्टाभित्र लिखित जवाफ पेस गर्न अनुरोध गरेको छ।

निर्वाचन पर्यवेक्षण समिति, नेपालका अध्यक्ष प्रदीप पोखरेललाई निर्वाचन आचारसंहिता, २०७८ प्रतिकूल हुनेगरी अभिव्यक्ति दिएकाले २४ घण्टाभित्र लिखित स्पष्टीकरण दिन आयोगले निर्देशन दिएको छ।


## Cyprusमा रोजगारको अवसर

कम्पनी: THEO EMPLOYMENT & TRAVEL LTD

पूर्व स्वीकृति मिति २०७७/०९/०३ पून विज्ञापन स्वीकृति मिति २०७८/०१/२२ LT. No. 235483 चलानी नं.६०१५३८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EURO | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 3 | 17 | 314 | ४०,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालयमा मिति: बैशाख 30 गते (15 May 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ६००००।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**S.S.Group of management pvt.Ltd.**

Govt. License 1100/073/074

Subidhanagar–35, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9849982264, Email: ssgroup1100@gmail.com



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD

पूर्व स्वीकृति मिति: २०७७/११/१२ पून : विज्ञापन स्वीकृति मिति: २०७९/०१/२२ LT. No. 236272 चलानी नं. ६०१५७३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Heavy) | 9 | 0 | 150 | ४८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver (Light) | 50 | 0 | 130 | ४२,१२५ | | | | | | | |
| 3 | Labour | 48 | 0 | 150 | ४८,६१० | | | | | | | |
| 4 | Mechanic | 10 | 0 | 150 | ४८,६१० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख 30 गते (13th May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**K & C International Pvt. Ltd**

Govt. Reg. No. 699/063/064

Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



Government of Nepal (GoN)

**Kakani Rural Municipality**

Nuwakot, District

Bagmati , Province

## Invitation for Bids for the Purchase of medical Supplies for Kakani Rural Municipality

Contract Identification No: NUW/KAKANI/GOODS/MEDICINE/01/078/079

Date of publication: 06-05-2022 12:00

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Purchase of medical Supplies for Kakani Rural Municipality (IFB No: NUW/KAKANI/GOODS/MEDICINE/01/078/079). Bidding is open to all eligible Nepalese Bidders.
2. The Kakani Rural Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of Purchase of Medical Supplies for Kakani Rural Municipality (Total Estimated Amount with VAT 7,94,162.76) under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of kakani Rural Municipality Ranipauwa Nuwakot Bagmati Province Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.

**Name of the Bank: Agricultural Development Bank Ltd. , Ranipauwa branch, Kakani**

**Name of the Office: Kakani Rural Municipality**

**Office Account no: 0213401251034093**

**Rajaswa (revenue) Account**

If Bidders wish to submit cash security, the cash should be deposit at Everest Bank Branch in Deposit Account **No:0213401251034042.**

5. Electronic bids must be submitted to the office Kakani Rural Municipality Ranipauwa, Kakani Nuwakot Bagmati Province Nepal through PPMO website www.bolpatra.gov.np. on or before 06-06-2022 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 06-00-2022 14:00 hours at the office of Kakani Rural Municipality Ranipauwa, Kakani Nuwakot Bagmati Province Nepal Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.20000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख २३ गते शुक्रबार (तिथिः पञ्चमी, नक्षत्रः आर्द्रा, शुक्लपक्ष)

**मेष** नयाँ मित्र बन्ने योग छ।

**वृष** विवाद हुने देखिएकोले सचेतता अपनाउनुहोला।

**मिथुन** धन लाभमा कमी आउने छ।

**कर्कट** घरेलु काममा अनावश्यक खर्च हुनेछ।

**सिंह** समय नष्ट हुनेछ।

**कन्या** सबै कार्यमा धैर्यता अपनाउनुहोला।

**तुला** आजको दिन निकै शुभ रहेको छ।

**वृश्चिक** स्वास्थ्य राम्रो रहनेछ।

**धनु** लापरवाहीले गर्दा अशान्ति र रोकावटको योग छ।

**मकर** अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला।

**कुम्भ** सवारी चलाउँदा सावधानी अपनाउनुहोला।

**मीन** राजनीतिक सहयोग प्राप्त हुनेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख २३ गते, २०७९, ६ मे २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ९१।२३ | ९१।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# नेपाली जनताको आशाको केन्द्र एमाले हो : ओली

■ प्रभाव संवाददाता

**धनगढी–** नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली जनताको आशाको केन्द्र एमाले नै भएको दाबी गरेका छन् ।

कञ्चनपुरको बेलौरीमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले आसन्न स्थानीय तहको निर्वाचनमा केन्द्र र प्रदेश बताउँदै आफूहरू प्रति विभिन्न कोणबाट आक्रमण भइरहेको जनाए । तर त्यस्ता आक्रमणको विद्रोह भइरहेका कारण देशमा अबको आवश्यकता एमाले भएको उनको भनाई थियो ।

उनले टीकापुर घटनामा रेशम चौधरीको संलग्नता नरहेको भन्दै बचाउ पनि गरे । उनले टीकापुर घटनाका बेला रेशम चौधरी टीकापुरमै नभएको बताए ।

'मलाई थाहा छ यहाँका थारु नेता जेलमै छन्, अनेकौं हजार मान्छे मरे, जेलमा हुनु परेन,' ओलीले भने, 'यहाँ हुँदै नभएको मान्छेलाई मुद्दा लगाएर, अर्को मान्छेलाई मुद्दा लगाएर, रेशम चौधरी त्यसबेला यहाँ सरकारसित समन्वय गरेर विकास निर्माण र जनताका समस्या समाधान गर्न एमालेबाट उम्मेदवार बनेकालाई जिताउन आग्रह गरे । स्थिरता र स्थायित्वका लागि सुदृढ राजनीतिक शक्ति चाहिने भन्दै एमालेलाई नै विजय गराउन आग्रह गरे ।

उनले कैलालीका १३ स्थानीय तहमा एमालेले विजय प्राप्त गर्नेमा आफु ढुक्क भएको थिएनन् । उनलाई मुद्दा लगाउनु पर्ने कुनै कारण थिएन ।'

आफूले थारु समुदायको माग पूरा गर्ने प्रयास गरे पनि सरकार ढलेका कारण ती माग पूरा गर्न नसकेको ओलीले बताए । 'थारु समुदायका नेताहरूसँग ६ बुँदे सम्झौता गरेर समस्या समाधान गरौंला भनेर प्रतिवद्धता जनाएको थिएँ, तर सरकार गयो,' उनले भने, 'अहिलेको सरकारले समस्या समाधानका लागि कुनै पहल गरेन, भोटको राजनीति गर्छ समस्या समाधान गर्दैन ।

आगामी दिनमा यस्ता समस्या समाधान गर्दै देश विकास गर्नका लागि आफू कैलाली जस्तो बढी संवेदनशील जिल्लामा आएको ओलीले बताए ।

# गोली, कछुवा र सालकको खपटासहित पक्राउ

**काठमाडौं(प्रस)–** काठमाडौं महानगरपालिका-१२ टेकुबाट पेस्तोलमा प्रयोग हुने १ राउण्ड गोली र ९५ ग्राम सालकको खपटा जस्तो देखिने वस्तु सहित सोही ठाउँ बस्ने धनकुटा पाख्रिबास नगरपालिका-८ घर भएका ५७ वर्षीय मण्डल गिरीलाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले कोठा जाँच गर्ने क्रममा लुकाई राखेको अवस्थामा उक्त गोली र वस्तु सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, काठमाडौं महानगरपालिका-३१ शान्तिनगर स्थित युनिभर्सल लन्च एण्ड बार होटलबाट करिब ४ किलो ५ सय ग्राम सालकको खपटा (अखेटोपहार) सहित २ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

## बेमालेख हरायो

रो निम्न ब्यहोराको नेपाल लाइफ न्स्योरेन्स कम्पनी लिमिटेडक ब्रमालेख हराएको हुनाले पाउनुहु हानुभावले नजिकको प्रहरी चौकि ा नेपाल लाइफको कार्यालयम झाइदिनुहोला ।

ाम: **कपिन्द्र अधिकारी**

ब्रमालेख नं.: **१०१०७१३६९**

ठेगाना : **मलपानी-3 धादिङ**

## कर्मचारीहरु आवश्यकता सम्बन्धि सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७९/०१/२३**

शेर्पा सेवा केन्द्र बौद्ध टुसालको धर्मशाला संचालन गर्न लज तथा होटेल सम्बन्धि अनुभव भएका तपसिलमा उल्लेख भएको कर्मचारी आवश्यक भएकोले प्रकाशित मितिबाट ३० दिन भित्र यस शेर्पा सेवा केन्द्रमा निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | पद | आवश्यक संख्या |
|---|---|---|
| १. | Manager / Accountant | २ |
| २. | House Keeping | १ |

**शेर्पा सेवा केन्द्र**
**बौद्ध, टुसाल**
**सम्पर्कः ०१-४४९७७४०**

## जापनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL RELATION COOPERATIVE

पूर्व स्वीकृति मिति :२०७८/०१/१८ | पून विज्ञापन स्वीकृति मिति :२०७९/०१/२२ | LT No.240085 | चलानी नं.६०१५८११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Industrial packaging | 5 | 5 | 152375 | १,५२,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख 30 गते (13th May. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ४०,०००।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TARGET** श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082
FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## नेपाल सरकार
## भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## भूमि व्यवस्थापन तथा अभिलेख विभाग

### भूमीसुधार तथा मालपोत कार्यालय महेन्द्रनगर कञ्चनपुरको हकदाबी सम्बन्धि ३५ दिने सार्बजनिक सूचना

जिल्ला कञ्चनपुर भीमदत्त न.पा. वडा नं. -८ बस्ने जगत सिंह भण्डारी, भवान सिंह भण्डारी, शिव सिंह भण्डारी र उद्वव सिंह भण्डारी, समेत ४ जनाले हाम्रा भाउजु/कान्छि आमा, मृतकको शेष पछिको अंशियारहरूले श्रीमती रामा देवी भण्डारी नाउमा दर्ता कायम जिल्ला कञ्चनपुर म.न.पा. वडा नं. ८ नक्सा नं. ०२० . १२९४१ कि.नं. ४२३१, कि.नं. ३०९४ र कि.नं. ३०९६ को क्षेत्रफल क्रमश ३६६४.८५ ब.मी., ९६८ ब.मी., ९७ ब.मी., जग्गा निजहरूका नाउमा दा.खा. नामसारी गरी पाउँ भनि यस कार्यालयमा निवेदन गरेको हुँदा हक दाबी सम्बन्धि सूचना प्रकाशित गर्ने भनि आएको आदेशानुसार उक्त जग्गा निवेदकहरूका नाउमा नामसारी हुनु नपर्ने कुनै कारण भए वा निवेदक बाहेक अरु पनि हकदार भए यो सूचना प्रकाशित भएको ३५ दिन भित्र सबुत प्रमाण सहित हक दावी गर्न आउनु होला अन्यथा माग दाबी अनुसार निवेदकका नाउमा प्रचलित कानु बमोजिम नामसारी भै जानेछ, पछि कुने किसिमको दाबि बिरोध वा उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबै सरोकारवालहरूको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**मालपोत अधिकृत**

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : K S INTERIOR DESIGN & CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०१/२२ | LT. No. 262697 | चलानी नं. ६०१७८९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : THIRD JUNCTION CAFE

पूर्व स्वीकृति मिति २०७९/०१/२२ | LT. No. 262696 | चलानी नं. ६०१७८९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 5 | 0 | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख ३० गते (13th May. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रोजगारदाता आफैले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
**(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)**
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANSOUR FARRAJ AL-FARAJ CAFE FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०१/१९ | LT. No. 262621 | चलानी नं. ६०१७८९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 3 | 0 | 1500 | ४८,४५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hospitality Worker | 2 | 0 | 1200 | ३८,७६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख ३० गते (13th May. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNICERAMIC QATAR

पूर्व स्वीकृति मिति २०७९/०१/२२ | LT. No.262537 | चलानी नं. ६०१७८९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 24 | 0 | 1000 | ३३,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 4 | 0 | 1200 | ४०,०८० | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1200 | ४०,०८० | | | | | | | |
| 4 | Tile Maker | 2 | 0 | 1200 | ४०,०८० | | | | | | | |
| 5 | Packing Worker | 3 | 0 | 1000 | ३३,४०० | | | | | | | |
| 6 | Assistant | 1 | 0 | 1300 | ४३,४२० | | | | | | | |
| 7 | Assistant Mechanic | 2 | 0 | 1300 | ४३,४२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख ३० गते (13th May. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००कामदार आफैले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4426852
Email: graceoverseasuj@gmail.com, Web: www.graceoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOUNTIFUL YIELDS SDN.BHD

पूर्व स्वीकृति मिति २०७६/११/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/२२ | LT. No. 233148 | चलानी नं. ६०१५१७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 1200 | ३३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MILLENIUM PATRIOT SECURITY SERVICES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७६/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/२२ | LT. No. 233150 | चलानी नं. ६०१५१९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1200 | ३३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख ३० गते (13th May. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All-solution Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal
Phone +01-5903078, 015903079, E-mail : info@allsolution.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAY HUP BROTHERS CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०७६/११/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/२२ | LT. No.234175 | चलानी नं. ६०१५२६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 69 | 0 | 1300 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MHS SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७६/११/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/२२ | LT. No.233218 | चलानी नं. ६०१५१९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 43 | 0 | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता : मेनपावर कार्यालय काठमाडौंमा बैशाख ३० र ३१ गते (13 & 14th May. 2022) from 10:30 A.M to 5:00 PM मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४७७/०६०/०६१

**Jupiter Overseas Concern Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4462605,4464178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com

## Biruwa Rural Municipality
## Office of The Rural Municipal Executive
## Biruwa, Syangja
## Gandaki Province, Nepal

### Invitation for Sealed Quotation

First Date of publication: 06-May-2022

1. Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja invites sealed quotation from registered suppliers for the quotation given in the table below.

| S. N | Sealed Quotation No. | Name of Project | Estimated Amount (NRs.) | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/ 003/2078-79 | Supply, Delivery and Installation of different furniture items and fixtures for office management | 1595420.00 (With VAT) | NRs.40000 | NRs.1000.00 | 45 |

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | 22-05-2022 | On or Before 12:00 Hours |
| Opening of Bid | 22-05-2022 | 14:00 Hours. |

2. Details which are not mentioned on notice are followed by Public Procurement Act and Public Procurement Regulations.
3. Bid Security period shall be 30 days beyond the bid validity period. For further details regarding the notice of Invitation for Sealed Quotation, interested Suppliers requested to visit the notice board of Biruwa Rural Municipality Office, Biruwa Syangja or may visit PPMO website:-www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मतदातालाई धम्की नदेऊ

यही वैशाख ३० गतेका लागि तय स्थानीय तहको निर्वाचन आउन अब धेरै दिन बाँकी छैन । मतदान हुनुभन्दा ४८ घण्टा अगाडि नै मौन अवधि सुरु हुने हुँदा त्यसअघि नै प्रचारप्रसारका काम सक्ने चटारोमा छन्, राजनीतिक दल र उम्मेदवारहरू । बिहीबार मात्र सत्ता गठबन्धनले भरतपुरमा र एमालेले कैलालीमा चुनावी सभा गरे । जसलाई शीर्ष नेताहरूले सम्बोधन गरे ।

जतिजति मतदानको दिन संघारमा आउँदै छ, दल र उम्मेदवारको चुनावी प्रचार आक्रामक बनिरहेको छ । मतदाताको घरदैलोमा पुग्ने, सभा, सम्मेलन गर्ने, सामाजिक सञ्जालमार्फत् मत माग्ने काम भइरहेको छ । मतदाताले आफ्नो मन परेका दल वा उम्मेदवारलाई मत हाल्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । मत कसलाई दिने वा नदिने मतदाताको स्वविवेकीय अधिकार हो । यसमा कसैले हस्तेक्षप गर्नु हुँदैन ।

तर, पछिल्ला दिनमा भइरहेका चुनावी गतिविधिहरूमा मतदातालाई प्रत्यक्ष/अप्रत्यक्षँ धम्की दिने काम भइरहेको छ । 'कुनै अमुक पार्टीले जिते विकास हुँदैन, कुनै अमुक पार्टीले नजिते बजेट दिँदैनौं, कुनै अमुक व्यक्तिले नजिते देश दुर्घटनामा जान्छ' जस्ता अभिव्यक्ति धम्कीका नयाँ शृंखलाहरू हुन् ।

यसको उदाहरणाका रूपमा बिहीबार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भरतपुरमा भएको कार्यक्रममा दिएको अभिव्यक्तिलाई लिन सकिन्छ । उनले त्यहाँ सत्ता गठबन्धनले गरेको चुनावी सभालाई सम्बोधन गर्दै मेयरमा उम्मेदवारी दिएकी माओवादी केन्द्रकी रेनु दाहालले नजिते देश दुर्घटनामा जाने, लोकतन्त्र खतरामा पर्ने धम्की दिए । कुनै अमुक पात्रले चुनाव नजिते देश दुर्घटनामा परिहाल्ने त होइन होला । लोकतन्त्र खतरामा परिहाल्ने पनि होइन होला । फेरि, यसरी खुलेआम मतदातालाई धम्की दिनु निर्वाचन आचारसंहिताको ठाडो उल्लंघन त हुँदै हो, शक्तिको चरम दुरूपयोग पनि हो ।

यस्ताखाले अभिव्यक्तिप्रति निर्वाचन आयोग पनि गम्भीर हुनुपर्छ । निर्वाचनलाई स्वस्थ, स्वच्छ, भयरहित वातावरणमा सम्पन्न गराउने प्रमुख दायित्व निर्वाचन आयोगको हो । यसका लागि दल र उम्मेदवारको समेत भूमिका हुने भए पनि प्रमुख दायित्व भनेको निर्वाचन आयोगकै हो । तसर्थ, यस्ता विषयमा आयोगले उजुरी पर्खिने होइन । सार्वजनिक भएका समाचार, अडियो, भिडियोलाई नै आधार मानेर आयोगले कानुनी कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ । हरेक विषयमा उजुरी पर्खेर बस्न थाल्ने हो भने आचारसंहिता उल्लंघनका घटना बढ्न थाल्छन् ।

आयोग यसमा निर्मम हुनैपर्छ । कुनै व्यक्ति सत्तापक्षको हो, शक्तिमा छ अथवा उसको व्यक्तिको राष्ट्रियस्तरमा छ भन्दैमा आयोग आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्छ ? पक्कै मिल्दैन । वा, कुनै व्यक्ति पूर्वप्रधानमन्त्री भइसकेको हो, ठूलो दलको हो भन्दैमा आयोगले वेवास्ता गर्ने भन्ने हुँदैन । सत्तापक्ष होस् या प्रतिपक्ष, कानुनविपरीत काम गर्ने सबै दण्डका भागिदार बन्नैपर्छ ।

निर्वाचन कानुन सबैका लागि बराबर हो । सानालाई ऐन, ठूलालाई चैन भन्ने उक्तिलाई चरितार्थ गर्न आयोग लाग्नु हुँदैन । आयोगले आफ्नो संवैधानिक र कानुनी दायित्वअनुसार काम गर्नुपर्छ । जनता आयोगको निष्पक्ष कामको पर्खाइमा छन् । आयोग सँच्चिकै निष्पक्ष छ । यसले गराउने निर्वाचन स्वस्थ र स्वच्छ हुन्छ भन्ने विश्वास आममतदाताले पाउनुपर्छ । तसर्थ, कुनैपनि प्रकारबाट मतदातालाई दिइने धम्कीप्रति आयोग सचेत हुनैपर्छ । गोप्य मतदान गर्न पाउने व्यक्तिको संवैधानिक हकलाई कुण्ठित पार्ने कुनै पनि प्रकारका गतिविधि हुनु हुँदैन ।

# बजेट निर्माणमा नागरिकको सुझाव

▶▶ रमेश लम्साल

हरेक वर्ष सरकारको नीति तथा कार्यक्रम आउँथ्यो, संसद्मा बजेट पनि प्रस्तुत हुन्थ्यो । जनताका लागि भनेर ल्याइने नीति र कार्यक्रममा उनीहरूका अपेक्षा के थिए र के चाहेका थिए भन्नेबारेमा कहिल्यै सरकारले सोधेन । आफ्ना लागि भनेर आउने कार्यक्रम र बजेटमा कहिल्यै प्रत्यक्षरूपमा नागरिक सहभागी हुन पाएनन् ।

लोकतान्त्रिक शासन प्रणालीमा नागरिकका हरेक आवश्यकतालाई राज्यले अधिकतम सम्बोधन गर्ने प्रयास गर्छ । नेपालको राजनीतिक प्रणाली फेरियो । शासन व्यवस्था पनि एकात्मकबाट संघीयमा परिवर्तित भयो । तर राजनीतिक नेतृत्वमा रहेको प्रवृत्ति भने उस्तै, उस्तै रहयो । कहिल्यै बदलिएन ।

वर्तमान सरकारले पहिलोपटक आगामी आर्थिक वर्षको बजेट निर्माणमा नागरिकको सहभागिता बढाउने प्रयत्न गरेको छ । अर्थतन्त्र समस्यामा परेको भन्ने हल्ला चलिरहेको बेला अर्थ मन्त्रालयले पहिलोपटक नागरिकसँग बजेटका सम्बन्धमा सुझाव मागेको छ । अर्थ मन्त्रालयले त्यसका लागि पैसा नलाग्ने ११३८ नम्बर सञ्चालनमा ल्यायो । सो नम्बरमा नागरिकले जुनसुकै बेला पनि बजेटका सम्बन्धमा आफ्नो सुझाव दिन पाउने व्यवस्था गरिएको छ । सुझाव संकलनका लागि नियमितरूपमा कर्मचारी खटिएका छन् ।

अर्थ मन्त्रालयले देशभर नै विभिन्न सञ्चारमाध्यममार्फत बजेटका सम्बन्धमा सुझाव दिन सूचित गरेको थियो । सोही सूचनाका आधारमा सयौँले बजेटका सम्बन्धमा सुझाव दिएका छन् । नेपालको संविधानले व्यवस्था गरेको समाजवादी अर्थव्यवस्थालाई व्यवहारिकरूपमा कार्यान्वयन गराउने लक्ष्यका साथ मन्त्रालयले नागरिकका तहबाट पहिलोपटक सुझाव संकलन गरेको हो ।

सिंहदरबार पुग्ने नागरिकले मन्त्रालयको सुझाव संकलन कक्षमा गएर लिखित वा मौखिमरूपमा सुझाव दिनसक्ने व्यवस्था गरिएको छ । त्यस्तै अन्यले भने निःशुल्क टेलिफोन नम्बरमा फोन गरेर बजेटका सम्बन्धमा सुझाव दिन सक्छन् । 'बजेटमा मेरो सुझाव पनि समेटिएको छ । कार्यान्वयनमा पनि उत्तिकै जिम्मेवार भएर लाग्नुपर्छ भन्ने मान्यताको विकासका लागि सम्भवतः मन्त्रालयले पहिलोपटक यस्तो व्यवस्था गरेको हो । यसमा मन्त्रीज्यूको विशेष चासो छ,' अर्थमन्त्रीका सचिवालयका एक कर्मचारीले भने, 'यसले सहभागितामूलक लोकतन्त्रको विकासका लागि पनि वातावरण तयार पार्छ । असाध्यै राम्रा-राम्रा सुझाव आएका छन् ।'

हरेक वर्ष गणतन्त्र दिवस अर्थात् जेठ १५ गतेका दिन बजेट प्रस्तुत गर्ने कार्यतालिका तय भएको छ । सधैँजसो राजनीतिक खिचातानी पर्ने बजेटप्रति कोही कसैले पनि अनावश्यक राजनीति नगरोस् भन्ने उद्देश्यले संविधानमा नै विशेष दिनको व्यवस्था गरिएको हो । यतिबेला अर्थ मन्त्रालय बजेट निर्माणको चटारोमा छ । अर्थमन्त्री, अर्थसचिव, बजेट महाशाखलगायतका कर्मचारी निरन्तररूपमा सोही काममा व्यस्त छन् ।

बजेट निर्माणको एउटा लामो प्रक्रिया छ । सोही प्रक्रियामा नागरिकको सहभागिताको विषय पनि छ । यसअघि नगन्यरूपमा मात्रै नागरिकले बजेट निर्माण प्रक्रियामा सुझाव दिन पाउँथे । तर यसपटक फरक परिदृश्य देखियो ।

### कस्ता-कस्ता सुझाव आए

अधिकांशले बजेट सधैँ राम्रो आएको दाबी गरिए पनि कार्यान्वयनको तहमा पुग्दा त्यसले प्रभावकारी भूमिका खेल्न नसकेकाले संरचनागत सुधारमा जोड दिएका छन् । यस्तै कतिपयले देशको अर्थतन्त्रलाई बलियो बनाउने गरी बजेट आउनुपर्ने बताएका छन् । भौतिक विकास निर्माणको कामलाई विशेष प्राथमिकतामा राख्नुपर्ने, साउन १ गतेदेखि नै व्यावहारिकरूपमा कार्यान्वयन हुने प्रणालीको विकास गर्न तथा कृषिको आधुनिकीकरण तथा बजारीकरणलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन् ।

समूहगत एवं सहकारी मोडलमा जमिनको चक्लाबन्दी गरी आधुनिक खेती गर्ने प्रणालीको विकास गर्नुपर्ने, जडीबुटी खेती, उत्पादन, संकलन, बिक्री वितरण गर्ने अधिकार सामुदायिक वनलाई दिनुपर्नेमा केहीको जोड छ । सामुदायिक वनमा पाइने सालको पातबाट दुना, टपरी बनाउने मेसिनको व्यवस्था गर्नुपर्ने, ढुवानी मेसिन, औजारमा अनुदान गरी बजारको सहज पहुँचको व्यवस्था गर्नुपर्ने सुझाव कास्कीका एक नागरिकले अर्थ मन्त्रालयलाई दिएका छन् ।

सामुदायिक वनको सालको पात त्यसै खेर गएकाले त्यसमार्फत आर्थिक उपार्जनको मार्गप्रशस्त गर्न सकिने भन्दै ती सुझावकर्ताले हालको कृषि अनुदान प्रणाली झण्झटिलो भएकाले सुधार गरी कम लागतमा सम्बन्धित वडा टोलमा पुगेर स्थानीय जनप्रतिनिधिको रोहवरमा दिने व्यवस्था गर्न माग गरेका छन् ।

जलविद्युत्लाई प्राथमिकता दिन आग्रह

आगामी आवको बजेट निर्माणको प्रक्रिया जारी रहेको बेला सुझावकर्ताले देशको आर्थिक विकासको प्रमुख मेरुदण्डको रूपमा ऊर्जा तथा जलविद्युत् क्षेत्र भएकाले त्यसैलाई प्राथमिकतामा दिन अनुरोध गरेका छन् । सरकार, निजी क्षेत्र, सर्वसाधारण एवं वैदेशिक रोजगारीमा गएका युवालाई सेयरमार्फत तीनवटा जलविद्युत् आयोजना निर्माण गर्नुपर्नेमा जोड छ । उपभोग्य वस्तुको खरिदमा प्रयोग हुँदै आएको विप्रेषणलाई आर्थिक विकासका आधार बनाउनुपर्ने र त्यसको उपयुक्तस्वरूप भनेकै जलविद्युत् रहेकामा जोड दिइएको छ ।

अर्थमन्त्रीले नेतृत्व लिएर विद्युत् आयोजनामा सेयर लगानी गर्न सर्वसाधारणलाई आह्वान गरिएको खण्डमा लगानीका लागि आवश्यक रकमको जोहो हुने नागरिकले सरकारलाई सुझाएका छन् । साधारण सेयर आवेदन गर्ने प्रणालीलाई थप सहजीकरण गर्नुपर्ने मत पनि जबर्जस्तरूपमा आएको छ । केही सुझावकर्ताले ठूला सिँचाइ आयोजनाका काममा भएको ढिलाइप्रति पनि सरकारको ध्यानाकर्षण गराएका छन् ।

आयकरको दायरा विस्तार गर्न माग

आगामी आवको बजेटमा सुझाव दिने अधिकांशले व्यक्तिगत आयकरको दायरा विस्तार गर्नुपर्ने बताएका छन् । चालु आवमा एकल व्यक्तिका लागि चार लाख रूपैयाँ र विवाहितका लागि चार लाख ५० हजार रूपैयाँ बराबरको आयमा न्यूनतम कर लाग्ने र त्यो भन्दा माथिको सीमामा भने निश्चित प्रतिशतमा कर लाग्ने व्यवस्था गरिएको छ । सुझावकर्ताले व्यक्तिगत आयकरको दायरा न्यूनतम आठ लाख रूपैयाँ र अधिकतम १० लाख रूपैयाँसम्म बनाउन आग्रह गरेका छन् । केहीले करको दायरा बढाउन पनि माग गरेका छन् । करको बोझले नागरिक समस्यामा परेको भन्दै उनीहरूले दायरा विस्तार गर्न अनुरोध गरेका छन् ।

विदेशबाट आयात हुने तयारी मालवस्तुमा बढी भन्सार शुल्क लगाउन र देशमै तयार हुने सामग्रीमा कम कर लगाउन तथा कच्चा पदार्थ आयातमा सहजीकरण गर्नुपर्ने, सस्तो ब्याजदरमा कर्जाको प्रबन्ध तथा बजेट निकासादेखि खर्च गर्ने प्रणालीको विकास गरी सहजै कार्यान्वयन हुने प्रणालीको विकास गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । सर्वसाधारण नागरिकको जीवनस्तर सुधार गर्नुपर्ने, स्वास्थ्य, शिक्षा, रोजगारीको उचित प्रबन्ध गर्नुपर्ने, सरकारी विद्यालयलाई विशेष प्राथमिकतामा राखी बजेट व्यवस्था गर्न माग गरिएको छ ।

बैंकर र व्यवसायी छुट्याउन माग

सरकारलाई सुझाव दिनेमध्ये धेरैले बैंकर र व्यवसायी एकै व्यक्ति हुँदा मनोमानी बढेकाले त्यसलाई नीतिगत व्यवस्था गरेर सुधार गर्नुपर्ने धारणा राखेका छन् । एउटै मान्छे बैंकर र व्यवसायी हुँदा स्वार्थ जोडिने भएकाले यसलाई छुट्याउनुपर्ने माग लामो समयदेखि उठ्दै आएको छ । आर्थिक संकटको समाधानका लागि पनि त्यस्तो व्यवस्था हुनुपर्ने सुझावकर्ताको जोड छ ।

> **आगामी आवको बजेटमा सुझाव दिने अधिकांशले व्यक्तिगत आयकरको दायरा विस्तार गर्नुपर्ने बताएका छन् । सुझावकर्ताले व्यक्तिगत आयकरको दायरा न्यूनतम आठ लाख रूपैयाँ र अधिकतम १० लाख रूपैयाँसम्म बनाउन आग्रह गरेका छन् । केहीले करको दायरा बढाउन पनि माग गरेका छन् । करको बोझले नागरिक समस्यामा परेको भन्दै उनीहरूले दायरा विस्तार गर्न अनुरोध गरेका छन् ।**

अनुत्पादक पुँजी एवं भ्रष्टाचार

रोक्न एक पटक घरजग्गा खरिद गरिसकेपछि अर्को किन्न नपाइने व्यवस्था गर्नुपर्ने, सहरी क्षेत्रका सहकारीले गर्ने वित्तीय कारोबार रोक्नुपर्ने, घरजग्गामा लगानी गर्न दिन नहुने गरी नीतिगत व्यवस्था गर्न अनुरोध गरिएको छ । त्यस्तै खेतीयोग्य जमिन प्लटिङ गरेर बिक्री गर्नेलाई कानुनी दायरामा ल्याउनसमेत माग गरिएको छ । एक परिवारको एउटा मात्रै घर हुनुपर्ने व्यवस्थालाई बाध्यकारी बनाउनुपर्ने सुझाव पनि प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ । *रासस*

## मनन्योग्य

### विदुर नीति

जसको रिस (क्रोध) र खुसी बेकार हुँदैन वा खेर जादैन अर्थात् रिसाउँदा खण्डर खुसी हुँदा पुरस्कार दिन सक्छ । भए रोका कामको स्वयं बारम्बार जाँच पडताल गर्दछ, जसलाई आफ्नो कोषबारे राम्रैसँग हेक्का रहन्छ, उसलाई आफ्नो राष्ट्रले (पृथ्वीले) राज्य-धन र ऐश्वर्य प्रदान गर्नेछ । अर्थात यस्ता गुण भएका राजाले नै लामो समयसम्म राज्य सञ्चान गर्न सक्तछ ।

राज्यले राजा भन्ने नाम र राजछत्र धारण गरेर सन्तुष्टि लिने गर्नुपर्दछ । राजकर्मचारीहरू र जनताका साथ मिलजुल गरेर अर्थात आफ्ना सहगोगी समेतमा बाँड फाँड गरेर ऐश्वर्य (सम्पत्ति) को उपभोग गर्नुपर्दछ अर्थात आफू एक्लैले ऐश्वर्य (सम्पत्ति) को उपभोग गर्नुहुँदैन । जुन राजाले आफैँले मात्र ऐश्वर्यको उपभोग गर्दछ, उसका कर्मचारीहरू नै उसका शत्रु बन्न थाल्छन् र राजालाई नै नष्ट गरिदिन्छन् ।

ब्राह्मणलाई चिन्ने ब्राह्मण नै हुन्छन् । स्त्रीलाई बुझ्नसक्ने उसको पति नै हुन्छ । मन्त्री कस्तो छ भनेर बुझ्ने राजा नै हुन्छन् । तात्पर्य यो हो की जसको जोसँग व्यवहार पर्दछ, पर्नेले मात्र राम्रोसँग सम्बन्धितलाई चिन्न सक्तछ ।

मार्नैपर्ने खालको शत्रु आफ्नो नियन्त्रणमा आइसकेपछि उसलाई त्यसै छाड्नुहुँदैन । यदि आफू स्वयम् निर्वल (कमजोर) छ भने त्यस शत्रुसँग आफैं नम्र भई उसका साथमा सही समययापन गर्नुपर्छ । उसलाई प्रतिष्ठा पनि दिने गर्नुपर्छ । जब आफू शक्तिशाली (सबल) होइन्छ, अनि मात्र उसलाई (शत्रुलाई) समूल (नष्ट) गरिदिनुपर्दछ । मार्न लायक शत्रुलाई समयमै मारिएन भने उसबाट आफूलाई खतरा भइरहन्छ अर्थात् उसले आफूसँग बदला लिएरै छाड्नेछ । **क्रमशः**

## पत्र-मञ्जुषा

# जनप्रतिनिधिसँग जनताको अपेक्षा

यही वैशाख ३० गते हुने स्थानीय तहको चुनावबाट निर्वाचित भएर आउने जनप्रतिनिधिहरूले जनताका जीवनस्तर माथि उठाउने विषयमा अघि बढ्ने हुन् या दलीय संयन्त्रमै अल्झिएर अन्य कार्यमा प्रतिस्पर्धा गर्ने हुन् समयले बताउनेछ । यहाँ गहन विषय त यो छ कि त्यहाँ पार्टीले छनोट गरी पठाउने उमेदवारहरू हाम्रा मानिस हुन् कि, राम्रा उमेदवार हुन्, त्यो मतदाताले विचार पुऱ्याउने कुरा हो ।

जनताको स्वर्णिम भविष्य त्यसैमा निर्भर हुनेछ । यसर्थ यहाँ सचेतता यो पनि जनतामा दिलाउनु जरुरी भएको छ कि बाटो बन्नु बनाउनु मात्र ठूलो कुरा होइन, त्यसको दिगोपन पनि हुनु जरुरी छ । पारदर्शी हुनु पनि जरुरी छ । त्यसबाट जनतालाई नोक्सान पुग्यो कि फाइदा त्यो पनि कुरा छ । या अनावश्यक ठाउँमा अनावश्यक रूपले बाटो बनाएर जनताका अचल सम्पत्तिलाई अतिक्रमण गरी भूमाफियाका व्यवसायमा उत्थान गरेका हुन्, विचारणीय छ । र, प्रमाणित तर्कहरू पत्रकारले पनि पुस्टचाइदिनु पेसागत धर्म र कर्तव्य हो ।

विगतमा त्यस्तो भए/गरिएको देखिएन, पाइएन । सवाल म माथि पनि उठाउन सकिन्छ । तत् विषयमा राष्ट्रिय दैनिक पत्रपत्रिकामा मैले धेरै विषय प्रवेश गरी प्रकाशन गराएको हुँ । र, बनेका करिडोर लगत कट्टा गर्न नसकेको र बाटोमा गइसकेको जग्गाको पनि जग्गाधनीले मालपोत कर बुझाइरहनु परेको र स्थानीय सरकारले जग्गाको क्षतिपूर्ति दिएको नपाएको विषय उठान गरिदिएको थिएँ । अझै कति बनिसकेका बाटो र कतिपय रजिष्टर्डमा बाटो जनाइसकेका र नक्सामासमेत बाटो देखिइसकेर सरकारी बाटोमा जोडिसकेका बाटाहरूमा पनि केही व्यक्ति विशेषकै नाममा जग्गा भनी मोठ श्रेस्तामा रहेकाले त्यस्ता विषयमा भोलि पनि कचिंगल र झमेला उठ्न जाने विषयहरू छन् । के यस विषयमा स्थानीय सरकार चलाउँछु भन्ने बुद्धि, विवेक आगामी स्थानीय सरकारको ध्यान पुग्न सक्छ ? के बनिसकेका बाटाघाटा नेपाल सरकारको नाममा ल्याउन सक्छ ? कि अलपत्र नै रहिरहन्छ ? के सुकेका पानीका मुहानहरू र जनताले धेरै अगाडिदेखि खाँदै आएका पानीको मुहान सुक्नेगरी नजिकै डिप बोरिङ नगरी पानीका उपभोक्ता समितिलाई व्यवस्था गर्ने छ या वैकल्पिक व्यवस्थाहरू मिलाइनेछ ? के जनताका स्वास्थ्य समस्याहरूलाई राम्रो र व्यवस्थित तरिकाबाट समस्यापूर्तिहरू हुनेगरी गरिने छन् ? के जनताले उब्जनी गरेका कृषि उत्पादनका खाद्य वस्तुहरू र दुग्ध वा दुग्धपदार्थहरूबाट बनेका आदिको उचित राम्रो बजार व्यवस्था स्थानीय सरकारले मिलाउन सक्ला ? के सरकारले भूकम्पपीडितहरूले पाएका कुनै पनि सरकारी सुविधाहरूबाट कहीँ पनि वञ्चित गरिने छैन भनी ग्यारेन्टीपीडित जनतासमक्ष गर्नेछ ? के स्थानीय सरकारले अब सरकारी स्कूलहरूको पठनपाठनलाई स्तरीय बनाई शिक्षाको लगानीमा खेर जान नदिई प्रोत्साहन दिनेछ ? के स्थानीय तह र जिल्ला सरकारी कार्यालयमा भइरहेका भ्रष्टाचारका मात्रालाई न्यूनीकरण गर्दै लैजान सक्ला ? सामाजिक न्यायलाई कायम राख्ने काममा जिम्मेवारपूर्वक लागिपर्ने छ त ? यस्तै अनेकन विषयकामा अबका स्थानीय सरकारले पहिलो प्राथमिकतामा राखेर काम गर्ने घोषणापत्र राम्रो र जनताका रुचिकर उमेदवारको चरित्र चयन गरी उठाउने गरेमा जनताको राजनीतिप्रतिको वितृष्ण कम भइजाने र जनताले पनि हेर्नुपर्ने दायित्व हुनेछ । अन्यथा आफूले चुनेको उमेदवारले बोलिए यो सुनिदिएन यो गरिदिएन भन्नुको कुनै तुक रहने छैन । सचेत भइ चुनावमा भाग लिई अमूल्य मतदान गर्न अनुरोध गर्दछु ।

*रमेश खड्का, ललितपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## गठबन्धनको रोचक

पृष्ठ १ बाट जारी

अघिल्लोपटकको उदाहरण दिन्छन् । अघिल्लोपटक कांग्रेस नेतृत्वको सरकारमा रहँदारहँदै माओवादी प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा एमालेसँग तालमेल गर्न पुगेको थियो । त्यसपछि दुई पार्टीबीच एकता पनि भयो । तर, त्यो एकता तीन वर्षसम्म पनि टिक्न सकेन । नेकपाभित्र चरम अन्तरसंघर्ष चलिरहेका बेला सर्वोच्च अदालतले २०७७ फागुन २३ मा दुई पार्टीको एकता भंग गर्दै एमाले र माओवादीलाई पूर्ववत अवस्थामा ब्युँताइदियो ।

त्यसपछि वर्तमान गबठन्धन निर्माणको आधार बन्दै गए । एमाले फुटाएर नयाँ पार्टी बनाएका माधवकुमार नेपाल पनि गठबन्धनमा सामेल भए । वैशाख ३० स्थानीय निर्वाचनका लागि पनि गठबन्धनले तालमेलको निर्णय गरे । तर, सबै जिल्लामा केन्द्रको निर्णय लागू भएको छैन । गठबन्धनका अनेक स्वरूप देखिएका छन् ।

यतिमात्र होइन गठबन्धन अनेक रोचक दृश्यहरू पनि देखिन्छन् । यस्तै, रोचक दृश्यका रूपमा लिन सकिन्छ बिहीबार भरतपुर र काठमाडौंमा भएका छुट्टाछुट्टै कार्यक्रमलाई । राजनीतिक लिगेसीका रूपमा नेताहरूले आफ्नो पार्टीका लागि मत माग्नुपर्ने हो । आफ्नो चुनाव चिह्नमा मत माग्नुपर्ने हो । तर, गठबन्धनका कारण दलहरू अन्य पार्टीको चुनाव चिह्नमा आफ्ना कार्यकर्ताको मत अपिल गरिरहेका छन् ।

बिहीबार भरतपुरमा नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीको चुनाव चिह्न हँसिया-हथौडामा भोट मागे । गठबन्धनको तर्फबाट भरतपुरमा माओवादी केन्द्रकी रेनु दाहाल मेयरको प्रतिस्पर्धामा छन् । उपमेयरमा कांग्रेसका चित्रसेन अधिकारी छन् । अघिल्लोपटक पनि हँसिया-हथौडामा भोट हालेका भरतपुरका कांग्रेस मतदाताले यसपटक पनि सोही चिह्नमा मत हाल्नुपर्ने भएको छ । हँसिया-हथौडामा भोट हाल्न देउवाले कांग्रेस कार्यकर्तालाई भरतपुर पुगेरै फर्मान जारी गरे ।

पटक-पटक हँसिया-हथौडामा भोट हाल्न नसकिने भन्दै चितवन कांग्रेसका पुराना नेता जगन्नाथ पौडेलले स्वतन्त्र उम्मेदवार दिएर चुनावी मैदानमा उत्रिएका छन् । गृहमन्त्री बालकृष्ण खाण, राज्यमन्त्री उमेश श्रेष्ठ, कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललगायतका नेताहरूले फकाउँदा पनि पौडेल मैदानबाट पछि हटेका छैनन् । त्यसकारण कांग्रेसको मत उनलाई जाने सत्ता गठबन्धनलाई डर छ । त्यही भएर बिहीबार भरतपुरमा भएको कार्यक्रममा देउवाले पटक-पटक हँसिया-हथौडामा भोट माग्दै रेनुको प्रशंसा मात्र गरेनन्, माओवादी केन्द्रका अध्यक्ष दाहालसँगै 'धम्कीको भाषा' पनि बोले ।

यता, बिहीबार नै काठमाडौंमा भएको एक कार्यक्रममा जनता समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई र माओवादी नेता नारायणकाजी श्रेष्ठले रुख चिह्नका लागि मत मागे । राजनीतिक दलका हिसाबले उनीहरू आ-आफ्नो पार्टीको चुनाव चिह्नमा मत माग्नुपर्ने हो तर, गठबन्धन कारण उनीहरूले रुखमा भोट माग्नुपर्ने भयो । किनकि, काठमाडौं महानगरपालिकाको मेयरका लागि नेपाली कांग्रेसकी सिर्जना सिंह चुनावी मैदानमा छन् । उपमेयरमा एकीकृत समाजवादीका रामेश्वर श्रेष्ठ उम्मेदवार छन् ।

सिंहलाई जिताउन बिहीबार गोरखा जिल्लाबाट प्रतिनिधित्व गर्ने गठबन्धन आबद्ध पार्टीका शीर्ष नेताहरूले एकै ठाउँमा उभिएर समर्थन जनाएका हुन् । गोरखा-काठमाडौं चुनाव प्रचारप्रसार समूहले आयोजना गरेको कार्यक्रममा जसपाका संघीय परिषद् अध्यक्ष एवं पूर्वप्रधानमन्त्री भट्टराई, नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले सिर्जनाका लागि भोट अपिल गरे । उनीहरूसँगै, कांग्रेस केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे, नेता कमला पन्त, चिरञ्जीवी वाग्लेलगायतले सिंहलाई जिताउन अपिल गरे ।

भट्टराईले कोही परिवारसँग जोडियो भने महिलालाई आरोप लगाउने गरेको बताउँदै सिंह आफ्नै बलबुतामा उभिएको नेता भएको बताए । प्रमुखमै एमालेले आगाडि सारेका केशव स्थापित 'डेट एक्सपायर्ड ओखती' भएको भट्टराईले टिप्पणी गरे ।

माओवादी केन्द्रका नेता श्रेष्ठले काठमाडौंमा पहिलोपटक महिला मेयर आउने निश्चित भएको बताउँदै सिंहलाई गणेशमान सिंहको परिवार भनेर उम्मेदवार बनाएको भन्ने आरोप मित्थ्या भएको बताए । उनले सुरुमा आफूले गोरखाबाट नेपाली कांग्रेसबाटै राजनीति सुरु गरेको स्मरण गरे । सोही समयमा सिर्जना कांग्रेसको राजनीतिमा सक्रिय रहेको उनले बताए ।

### भरतपुरमा दाहालको धम्की

नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहालले गठबन्धन अहिलेको आवश्यकता भएको भन्दै भरतपुरमा हँसिया-हथौडालाई भोट नहाले देश दुर्घटनातिर जाने 'धम्की' दिए । सत्ता गठबन्धनले बिहीबार भरतपुरमा गरेको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले भरतपुरको मेयरका लागि रेनुलाई भोट नहाले देश दुर्घटनातिर जाने बताएका हुन् ।

'...तपाईंहरूले अहिले पनि यो गठबन्धन राष्ट्रको आवश्यता हो, यो गठबन्धन लोकतन्त्र र गणतन्त्रको आवश्यता हो, देशको जनताको विकास र समृद्धिको आवश्यता भनेर नबुझेर हँसिया-हथौडामा भोट हालिँदैन भन्नुभयो भने देश दुर्घटनामा जान सक्छ,' दाहालले भने ।

उनले गठबन्धनलाई देश र जनताको आवश्यकताको रूपमा बुझ्न सुझाए । 'यो गठबन्धन राष्ट्रको आवश्यता हो, देशको आवश्यता हो, समृद्धिको आवश्यता हो, यो लोकतन्त्रको आवश्यता हो भनेर तपाईं चितवनबासीले उत्साहपूर्ण ढंगले यो रेनु र चित्रसेनको टिमलाई विजयी गराउनुभयो भने म निकै उत्साहित हुनेछु,' दाहालले थपे ।

दाहालले २०७४ सालमा पनि गठबन्धनलाई १०-१५ वर्ष लैजानेगरी छलफल भएको स्मरण गरे । व्यवहारमा आउँदा आफूले सहज नदेखेको र त्यो असहजताको स्थिति भरतपुरबाटै बनेको उनले बताए । सभामा बोल्ने कांग्रेसका केही नेताहरूले दाहालले स्थानीय तहको निर्वाचनमा गठबन्धन गरे पनि पछि तोड्ने आशंका व्यक्त गरेका थिए । त्यसको प्रतिवाद गर्दै दाहालले रुखवालाले हँसिया-हथौडामा मत नहालेका कारण त्यतिबेलाको गठबन्धन टुटेको दाबी गरे ।

# प्रधान सेनापतिको निरीक्षण भ्रमण

■ प्रभाव संवाददाता

**पोखरा–** प्रधान सेनापति महारथी प्रभुराम शर्माले पोखरास्थित मध्य कमाण्ड हेडक्वार्टर र रूपन्देही जिल्ला, सालझण्डीस्थित नेपाली सैनिक व्याटल स्कुलको निरीक्षण भ्रमण गरेका छन् ।

बिहिबार भ्रमणको दौरान उनले, कमाण्ड हेडक्वार्टर तथा व्याटल स्कुलको वर्तमान अवस्था, स्थानीय तह निर्वाचन सुरक्षा लगायत विविध पक्षबारे जानकारी हासिल गरेका थिए ।

निरीक्षणकै क्रममा, प्रधान सेनापति महारथी शर्माले नेपाली सेनाद्वारा, आसन्न 'स्थानीय तह निर्वाचन-२०७९' को सुरक्षार्थ रूपन्देही जिल्लास्थित मझगाँवा ईलाका र तनहुँ जिल्लास्थित रिसिङ ईलाकामा स्थापना गरेको कम्पनि अपरेटिंग वेसको निरीक्षण गर्नुको साथै उक्त ईलाकाको वस्तुस्थिती लगायत विविध पक्षबारे जानकारी लिएका थिए । उनले जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू तथा निर्वाचन अधिकृतहरूसँग अन्तरक्रिया पनि गरेका थिए । उनले त्याँहा तैनाथ नेपाली सैनिकलाई सम्बोधन गर्ने क्रममा नेपाल सरकारबाट नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरू उत्कृष्ट ढंगले सम्पादन गर्न निर्देशन दिएका थिए ।

# कञ्चनपुरमा तीन हजार सुरक्षाकर्मी निर्वाचनमा खटिने

**महेन्द्रनगर–** यही वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गराउनका लागि कञ्चनपुरमा झण्डै तीन हजार सुरक्षाकर्मी परिचालन हुने भएका छन् ।

जिल्ला सुरक्षा समितिले यहाँका निर्वाचन केन्द्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन भागमा वर्गीकरण गरेर आवश्यक सुरक्षा प्रबन्ध मिलाएको छ ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेले निर्वाचन शान्तिपूर्ण वातारणमा सम्पन्न गराउनका लागि रणनीतिक सुरक्षा योजनासहित जिल्लाको सुरक्षा कायम गर्न तयार रहेको बताए । 'मतदानस्थलमा भित्री घेरामा म्यादी र नेपाल प्रहरी खटिन्छन्' उनले भने, 'त्यो भन्दा बाहिर र चोकमा सशस्त्र प्रहरीले गस्तीलगायत सुरक्षा निगरानी बढाउनेछ ।'

उनले सबैभन्दा बाहिरी घेरामा नेपाली सेनाको गस्ती तथा सुरक्षा पहरा रहने जानकारी दिए । निर्वाचनका बेला हुनसक्ने सम्भावित आपराधिक गतिविधि नियन्त्रण तथा निर्वाचन सुरक्षाका लागि यहाँका नौवटै पालिकामा सुरक्षा निकायले सक्रियता बढाएका छन् । प्रजिअ पाण्डेका अनुसार कञ्चनपुरका नौवटै पालिकामा गरेर दुई हजार ८०० देखि तीन हजारको संख्यामा सुरक्षाकर्मी निर्वाचनमा खटिने छन् । प्रमुख जिल्लाअधिकारीसहित सुरक्षा प्रमुखले विहीबार यहाँको दक्षिण क्षेत्रमा रहेको मतदान केन्द्र र स्थलको अनुगमन गर्ने कार्यक्रम छ ।

त्यसैगरी केही दिनअघि जिल्ला प्रशासन कार्यालयले इण्डो नेपाल समन्वयात्मक बैठक गरेर निर्वाचनको ४८ घण्टाअघि नेपाल-भारत सीमा बन्द गर्न भारतीय पक्षसँग समन्वय गरिसकेको छ । भारतीय पक्षबाट पनि नेपालको स्थानीय तहको निर्वाचनका बेला सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्नमा सहयोग रहने जनाएको छ ।

त्यस्तै जिल्ला निर्वाचन कार्यालयले निर्वाचनका लागि कञ्चनपुरमा ३४१ मतदान केन्द्र तोकेको छ । जिल्लामा मतदाताको कूल संख्या दुई लाख ९५ हजार ३५४ रहेका छन् । जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरले निर्वाचनमा खटिने मतदान र सहायक मतदान अधिकृतलाई तालिम दिने भएको छ । यहाँ निर्वाचनका लागि ३४१ मतदान र सहायक मतदान अधिकृतलाई महेन्द्रनगरमा शुक्रबार र शनिबार दुई चरणमा तालिम दिने जनाएको छ ।

# विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ

**मोरङ(प्रस)–** अवैध लागूऔषध गाँजा मुद्दाका फरार प्रतिवादी धनकुटा साँघुरीगढी गाउँपालिका-८ बस्ने ३९ वर्षीय झगेन्द्र राईलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । विराटनगर महानगरपालिका-१८ स्थित ईलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरीले २०७८ चैत ३० गते को.१ च ५३१८ नम्बरको पिकअप गाडीबाट १ सय २० केजी अवैध लागूऔषध गाँजा बरामद गरेको घटनामा फरार रहेका गाडीका चालक राईलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले सुनसरी धरानबाट पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत मोरङबाट लागूऔषध कसूरमा ५ दिन म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको छ ।

झापा, झुटा बिबरण पेश गरी नागरिकता लिन खोजेको मुद्दाका फरार प्रतिवादी बिर्तामोड नगरपालिका-५ ठेगाना भएका ४१ वर्षीय शुसान्त चौधरी भन्ने शुसान्त कर्मकारलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत झापाको २०६४ भदौ २४ गतेको फैसला उल्टी गरी पुनराबेदन ईलामबाट भएको फैसला सर्बोच्च अदालतबाट २०६९ असोज १६ गते सदर गरी भएको फैसला बमोजिम झुटा बिबरण पेश गरी नागरिकता लिन खोजेको मुद्दामा ३ वर्ष कैद सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

यसैगरी डाँका मुद्दाका फरार प्रतिवादी बुद्दशान्ति गाउँपालिका-७ ठेगाना भएका ३३ वर्षीय अञ्जु तामाङ भन्ने अजय तामाङलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत झापाको २०६८ माघ १५ गतेको फैसलाले डाका मुद्दामा ६ वर्ष कैद र ३ हजार रूपैयाँ जरिवाना सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।


# Invitation for Bids

Province Government

Sudurpaschim province

Ministry of Social Development

Mahakali Provincial Hospital Kanchanpur

**Invitation for Electronic Bids for the Supply Delivery,Installation and commissioning of Hospital Equipment for New Emergency Building**

**IBF No.: 15/MPH/NCB/GOODS/2078/079**

**Date of publication: 6th May 2022**

1. Mahakali Provincial Hospital ,Kanchanpur invites electronic bids from eligible bidders for the Supply, delivery,installation and commissioning of Hospital equipment For New Emergency Building procedures as specified in Public Procurement Act and Regulations .
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Mahakali Hospital , Kanchanpur Ph.No.099-521393 and email –mzh.hospital @ gmail.com or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit Nrs 3000 the cost of bidding document in the following bank.

**Name of the Bank: Rastriya Banijya Bank ,Mahendranagar,Kanchanpur**

**Name of the Office: District Treasury Controllor Office ,Kanchanpur**

**Office Code No. : 3500276027**

**Office Account No. : Kha 2-6 Pradesh 4180100202060000**

4. Pre-bid meeting shall be held at Mahakali Hospital Kanchanpur at 14:00 PM on 25th May 2022.
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Mahakali Hospital ,Kanchanpur on or before 12:00 on 5th June.2022.
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 2:00PM on 5th June 2022 at the office of Mahakali Hospital. Bids must be valid for a period of 90day counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of Nrs144000( Nrs 89000 for Package A , 30000 for package B and 2p5000 for package C) which shall be valid for minimum 30 days beyond the bid validity period .
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

**the Medical superintendent**

विश्व स्वास्थ्य संगठनले भन्यो

# कोभिडका नयाँ भेरियन्टलाई पनि खोपले काम गर्छ

**जेनेभा–** विश्व स्वास्थ्य संगठनले कोभिडका अरू नयाँ-नयाँ भेरियन्टलाई पनि अहिलेको कोभिडविरुद्धको खोपले नै काम गर्ने जनाएको छ। अहिले पछिल्ला समयमा अफ्रिका तथा अमेरिकामा पनि कोभिडका नयाँ-नयाँ भेरियन्ट भेटिएका समाचार आइरहेका बताइएको छ।

ती नयाँ भेरियन्टका विरुद्धमा पनि कोरोनाको खोप प्रभावकारी देखिएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। उक्त संगठनले हालै गरेको अनुसन्धानबाट यो तथ्य पत्ता लागेको समाचारमा जनाइएको छ।

